# Living the Lotus 4

*Buddhism in Everyday Life*

2025
VOL. 235





रिश्शो कोसेइ काइ ब्राजिल


Living the Lotus
Vol. 235 (April 2025)

प्रकाशक: रिश्शो कोसेइ काइ अंतराष्टृय बिभाग
फुमोन मिडिया सेन्टर २-७-१, वादा सुगीनामी कु टोक्यो १६६-८५३७ जापान
फोन: ८१-३-५३४१-११२४ फ्याक्स्: ८१-३-५३४१-१२२४
इ-मेल्: living.the.lotus.rk-international@kosei-kai.or.jp
प्रमुख सम्पादक: केइइची आकागावा
सम्पादक: साची मिकावा
नेपाली संसकरण अनुवाद र सम्पादक:नविन अर्याल
सम्पादन कर्मचारी:अंतराष्टृय बिभाग कर्मचारी


रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।
रिश्शो कोसेइ काइ सन १९३८ सालमा संस्थापक निवानो निचिनो र नागानुमा म्योकोले सुरु गर्नुभएको शद्धर्म पुन्डरिक सुत्र र अरु दुइ सुत्र मान्ने सर्बसाधारण बुद्ध धर्मको संस्था हो। हामी बस्ने ठाउँ, काम गर्ने ठाउँमा गौतम बुद्धका उपदेशहरुको आधारलाई व्यबहारमा ल्याएर शान्तिपूर्ण संसार बनाउन चाहने ब्यक्तिहरु यो संस्थामा आबद्ध छन । अहिले अध्यक्ष निवानो निचिको र हामी बौद्धधर्मालु सदस्यहरु राष्टृय अन्तराष्टृय स्तरमा अरु धर्महरु या परोपकारी संस्थाहरुसँग मिली बुद्धको उपदेश फैलाउन कोसिश गरिरहेका छौ।

Living the Lotus-Buddhism in Everyday life (शद्धर्म पुन्डरिक सुत्र - दैनिक जिवनमा बुद्ध धर्म) भन्ने शिर्षक हाम्रो दैनिकिमा बुद्धको उपदेश कसरी प्रयोग गर्न सकिन्छ भन्ने कुरा बुझाउन, जसरि हिलोमा पनि कमल फकृयको हुन्छ तेस्तै हाम्रो जिवन राम्रो र उधेष्यमुलक होस भन्ने कामना सहित राखिएको हो। यो पत्रीका पढेर संसार मनिसहरुको जिवनमा बुद्धको उपदेश उपयोग गर्नकोलागि ईन्टरनेटमा राखिएको छ।

*President's Message*



# विश्वास गर्ने र पालना गर्ने

Rev. Nichiko Niwano
President of Rissho Kosei-kai

## "आस्था" भनेको के हो?

शाक्यमुनी सिद्धार्थ जन्मेको दिन बुद्धधर्म मान्नेकलागि अति अर्थपुर्ण दिन हो र जापानमा हरेक बर्ष धेरै जस्तो अङ्रेजी पात्रो अनुसार अप्रिलको ८मा वहाँको जन्मदिन मनाइएने परम्परा छ।

"जो जन्मे पनि त्यो एक सानो बुद्ध जन्मदिन सरह" भनेर मोरी मासुवोले एक लेखेको कबितामा एस्तो एक छन्द छ। बुद्ध जन्मेको दिन गरिने अनेक पुजा, पुष्प मेला अनि बुद्ध पुर्णिमा जस्ता वहाँको जन्मदिनलाई मनाइने पर्ब धेरै छन। त्यो अघिको छन्दबाट शाक्यमुनीको जन्मदिनमा मठ मन्दिरमा फुल राखी बुद्धको प्रतिमालाई गुलियो जलले पखाल्दा आफ्नो जन्मदिनमा आफुलाई पनि सानो सिद्धार्थ जस्तै ठानी "आफुले पनि शाक्यमुनिको जस्तै अमुल्य प्राण पाएको छु" भन्ने भावना उर्लेर आएको भाव हुन्छ।

शाक्यमुनी जन्म श्लोकमा "म सर्ब संसारको केबल एक पुज्य" भनिए झै "मानिसहरु सम्मान र कदरलाई मनन गरी कृतज्ञ महसुश गने गर्दछन" तेस्ले मनमा शान्ति लिएर आउछ र साथमा "बुद्धको मन र आफ्नो मन एकै भएर श्वास फेरिरहेको छौ" भन्ने भावना नै "आस्था" हो भनेर संस्थापकले भन्नुभएको छ। तेसैले बुद्ध जयन्ती जस्ता पर्बद्वारा धेरैलाई आफ्नो र अरुको प्राणको मुल्य बुझाएर तेसैमा कृतज्ञ हुने कुरा भनेको धेरै नै असल कुरा हो।

अझ संस्थापकले "मानवको वास्तबिक जिउने तरिका सिकाउने नै आस्था हो" भनेर भन्नुभएको छ। यो भनेको मानिसको जिवनयापन, मानसिकता, अनि बाच्ने तरिकाको आधारभुत शिक्षा भनेको धर्म या आस्थ हो भन्ने अर्थ हो र तेसको प्राथमिक आधार भनेको नै "आफ्नो प्राणको मुल्य बुझेर मानव जस्तो भएर बाच्न पाएकोमा कृतज्ञ हुनु पर्छ भनेर मनन गर्ने कुरा" हो जस्तो मलाई लाग्छ।

साथमा शाक्यमुनी जन्मेको ७ दिन पछी आमा मायादेवीको मृत्यु भएको थियो र यो कुरालाई प्रतिकस्वरुप जन्म, मृत्यु अनि रोग आदी यो संसारमा परिवर्तन भैरहने सत्य (अनित्य) अनि सबै चिज कारण र परिणामको संबन्ध हुन्छ भनिने (अनत्मन या सुन्य) भनिने सत्यलाई बुझेर सर्बचिजलाई जे छ त्यसरी नै बिनम्र भएर लिएर अरुसँग सन्तुलित हुने कुरा "साचो अर्थमा मानवको जिउने तरिका" हुन।

## समयको परिवर्तनबाट भ्रमित नभै

अचेल धैरै समस्याको रुपमा देखिएको "अपाराधिक काम" को बारेमा एक आस्था भएको घरपरिवारमा एस्तो एक कुराकानी भएको रहेछ। छोरीलाई बुवाले " किन अचेलका युवाहरु हलुकारुपमा नै डकैती य हत्या जस्तो जघन्य अपराध हुने काम लिन तयार हुने रहेछन ?" भनेर सोध्दा  छोरीले सहजरुपमा "आस्था नभएर होला नि" भनेर उत्तर दिएकी रहिछन।

आस्थाले आफु र अरुको प्राणको मुल्य बुझी आफ्नो एक्लोको शक्तिले कोही पनि जिउन सक्दैन भन्नेर कुरा बुझेमा आफु दयालु र अरुकोनिम्ती काम लाग्ने बन्छु भन्ने भावना पैदा भएमा तेस्तो अपराधीक काम गरिदैन बरु उल्टै अरुप्रती कोमल हुन्छु भन्ने "बाच्ने तरिकको आधार" मनमा उत्पन्न हुन्छ भन्ने बुझाइ ले नै "आस्था हुने परिवार" को "ब्याड" बन्छ भन्ने कुरा उक्त परिवारकी छोरीको कुरामा प्रकट भएको छ।

तर आस्था राख्ने भनेर मात्र बिलकुल नराम्रो काम नगर्ने या आस्थाले रोग या दुख बाट बचाउछ भन्ने कुरा भने कदापी सत्य होईन। सत्यमा आधारित जिउने तरिका सिकाउने भनेको मतलब धर्ममा बिश्वास गर्ने जिवनयापनबाट हामीले धेरै कुरा सिक्ने छौ र मानवको रुपमा आफुलाई बिकसित गर्दै जान सक्छौ भन्ने कुरा हो।


अहिलेको यो बिबिधतापुर्ण संसारमा धर्म अनि आस्थप्रतिको दृष्टिकोण अलि कठोर भएको छ भनेर भनिन्छ। यद्धपी मानवको मनभित्र जरुर जिवनको आधार हो  भनिने आस्थालाई अझ जान्न चाहने चाहना र आफुलाई बिकसित गर्छु भन्ने इच्छा सधै नै हुन्छ तेसैले मलाई बिश्वास छ कि हामी सबै धर्ममा "आस्था राख्ने" मानव हौ भनेर।

एस्तो मान्यता राखेमा खाली सतहको कुरा गर्ने होईन कि हामीले करुणा अनि दया जुन बुद्धधर्मको आधार पनि हुन तेस्तो मनले अरुसँग घुलमिल गरी अरुलाई चाहिने बेलामा उनिहरुको मनको सहयोगी बन्न सक्ने ब्यक्ती हुन सक्नु पर्छ। तेसो गरेमा असिम शान्ति प्राप्ती हुन्छ र आफुमा पहिलादेखी आस्था बसेको भएमा प्राकृतिकरुपमा "सत्यको जिवनयापन" तर्फ मन मोडिने छ।






## A Global Buddhist Movement




Information about local Dharma centers

facebook

X

We welcome comments on our newsletter Living the Lotus: living.the.lotus.rk-international@kosei-kai.or.jp